# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः १२ प्रमाणिकरणः२०७७।१२।३०

प्रकाशन मितिः २०७७।१२।३०

## भाग-२

## ठाकुरबाबा नगरपालिका

### ठाकुरबाबा नगरपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७

**प्रस्तावनाः**

आर्थिक सामाजिक सूचकका आधारमा कमजोर देखिएका घरपरिवार तथा व्यक्तिहरुको शिक्षा, स्वाथ्य, रोजगारी, आयआर्जनको अवसर तथा सामाजिक संरक्षणका कार्यक्रम मार्फत् जीवनस्तरमा सुधार गरी गरिबी निवारण गर्ने उद्देश्यले र सरकारी वा गैरसरकारी संघ संस्था वा निजी क्षेत्र र नगरपालिकाबीच अल्पकालीन वा दीर्घकालीन योजनाहरु सञ्चालन गर्न स्थानीय सरकार सञ्चालन ऐनको दफा २५ र २६ लाई कार्यान्वयनका लागी ठाकुरबाबा नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएकोछ ।

#### परिच्छेद १

#### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम “ ठाकुरबाबा नगरपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७७” रहेको छ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमाः

**(क) “कार्यविधि”** भन्नाले ठाकुरबाबा नगरपालिका साझेदारीमा कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०७७ लाई सम्झनु पर्छ ।

ठाकुरबाबा नगरपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७

(ख) **"कार्यक्रम"** भन्नाले साझेदारी कार्यक्रमलाई सम्झनु पर्छ ।

(ग) **"नगरपालिका"** भन्नाले ठाकुरबाबा नगरपालिका नगर कार्यपालिकाको कार्यालय सैनवार बर्दियालाई सम्झनु पर्छ ।

(घ) **"साझेदारी"** भन्नाले नगरपालिका, गैरसरकारी संघ संस्था, सामुदायिक संघ संस्था, दातृ निकाय, सहकारी, निजी क्षेत्र, उपभोक्ता समिति आदि समेतसँग संयुक्त लगानीमा गरिने साझेदारी काम वा योजनालाई सम्झनु पर्छ।

(ङ) **"सहकारी संस्था"** भन्नाले सहकारी ऐन, २०७४ बमोजिम गठित सहकारी संस्था वा संघ भन्ने सम्झनु पर्नेछ।

(च) **"सहकारी सञ्जाल"** भन्नाले सहकारी संस्थाहरुको साझा सञ्जाल अर्थात सहकारीको साझा संस्था भन्ने सम्झनु पर्छ ।

(छ) **"गैर सरकारी संस्था"** भन्नाले राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थालाई सम्झनु पर्छ ।

**३. उद्देश्यः यस कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिम रहेका छन्ः-**

(क) गैरसरकारी संघ संस्था, सहकारी, नीजि क्षेत्र, सामुदायिक संघ संस्था समूह, उपभोक्ता समूहहरुसँग समन्वय र सहकार्य गर्ने ।

(ख) नगरपालिकाले सञ्चालन गर्ने कार्यमा लागत न्यूनीकरण गरी स्रोत र साधनको अधिकतम उपयोग र प्रभावकारी सेवा प्रवाह गर्ने ।

(ग) बृहत् पूर्वाधार र ठुला आयोजनाको लागि स्रोत सुनिश्चित र प्रभावकारी सञ्चालन गर्ने ।

(घ) असल अभ्यास र अनुभवहरुको आदान प्रदान गर्ने ।

(ङ) कुनै निकाय, संघ संस्था, सहकारीबाट विधिवत् गठन गरी आधिकारीक रुपमा सञ्चालित समुहहरु मार्फत स्थानिय उत्पादन, स्वरोजगारको सृजना, उद्यम व्यवसाय तथा बजारीकरण जस्ता क्षेत्रमा साझेदारी गरी आर्थिक सामाजिक र सांस्कृतिक विकासमा टेवा पुर्याउने ।

## परिच्छेद २

## साझेदारी कार्यक्रमका क्षेत्र

**४. साझेदारी कार्यक्रमका क्षेत्रः** साझेदारीमा कार्यक्रम सञ्चालन हुने क्षेत्र देहायअनुसार हुनेछन्ः

(क) शिक्षा

(ख) स्वास्थ्य

(ग) कृषि

(घ) पशु विकास

(ङ) भौतिक पुर्वाधार

(च) विपत् व्यवस्थापन तथा जलवायु परिवर्तन

(छ) खानेपानी तथा सरसफाई

(ज) रोजगारी तथा स्वरोजगार सृजना

ठाकुरबाबा नगरपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७

(झ) सामाजिक संरक्षण, पुनर्स्थापना र सचेतना

(ञ) वन तथा वातावरण संरक्षण

(ट) संस्थागत विकास तथा सुशासन

(ठ) सहकारी संस्थाहरुको सवलीकरण

(ड) स्थानीय कृषि तथा अन्य उत्पादन अभिबृद्धि

(ढ) स्थानीय उत्पादनको बजारीकरण, भण्डारण तथा प्रशोधन

(ण) पर्यटन प्रवर्द्धन

(त) जडीबुटी पहिचान, उत्पादन, व्यवस्थापन तथा बजारीकरण

(थ) अन्य श्रोतमा आधारित उद्यम

(द) महिला सशक्तिकरण

## परिच्छेद ३

## कार्यक्रम सञ्चालन प्रक्रिया तथा छनौटको मापदण्ड

**५. कार्यक्रम सञ्चालन प्रक्रियाः** कार्यक्रम सञ्चालन प्रक्रिया देहाय बमोजिम हुनेछः

(१) साझेदारी कार्यक्रमको लागि समुदायमा आधारित सामाजिक संघ संस्था, नीजि क्षेत्र, सहकारी र कृषि तथा पशुपंक्षी पालन समूहबाट प्रस्तावना आह्वान गरेर टोल र वस्ती स्तरबाट कार्यक्रम वा योजनाको छनौट गरी नगर कार्यपालिकाबाट स्वीकृत गर्नुपर्नेछ ।

(२) साझेदारी कार्यक्रम अन्य स्थानीय तहहरुसँग मिलेर पनि सञ्चालन गर्न सकिनेछ ।

(३) साझेदारी कार्यक्रम सञ्चालन गर्न इच्छुक गैरसरकारी संघ संस्था/सहकारी/कम्पनी अन्य स्थानीय तह तथा सरकार लाई लक्षित गरि **अनुसूची १** बमोजिमको ढाँचामा ३० दिने सूचना प्रकाशन गर्नु पर्नेछ ।

(४) प्रस्तावकहरुले **अनुसूची २** बमोजिमको ढाँचामा निवेदन र सो अनुसारका कागजातहरु सहित **अनुसूची ३** बमोजिमको ढाँचामा प्रस्तावना तयार गरी कार्यालयमा पेश गर्नु पर्नेछ ।

(५) साझेदारी गर्न चाहने स्थानीय तह, संघ, प्रदेश, गैर सरकारी संघसंस्था, सामुदायिक संघसंस्था, सहकारी, निजी क्षेत्र र उपभोक्ता समितिले कम्तीमा पन्ध्र (१५) प्रतिशत लागत साझेदारी गर्नु पर्नेछ ।

(६) साझेदारी कार्यक्रम नगर कार्यपालिकाको निर्णय बमोजिम सालबसाली वा बहुवर्षीय हुनेछ । तर कार्यक्रमको वार्षिक उपलब्धिको आधारमा अर्को वर्षको कार्यक्रम थप गर्ने वा नगर्ने निर्णय नगरसभाले गर्नेछ ।

(७) साझेदारी कार्यक्रम कार्यान्वयनको जिम्मेवारी कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले तोके बमोजिम गर्नु पर्नेछ ।

ठाकुरबाबा नगरपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७

६. **छनौटको मापदण्डः** साझेदारी कार्यक्रमको प्रस्तावना छनौटका मापदण्ड देहायबमोजिम हुनेछन्ः

(१) साझेदारी कार्यक्रमको लागि प्रस्तावना पेश गर्ने संस्थाको दर्ता, नवीकरण, कर चुक्ता प्रमाणपत्र, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन, विगत बर्ष देखि सोही बिषयमा काम गरेको अनुभव पत्र, समाज कल्याण परिषदमा आवद्ध भएको पत्र (आवद्ध हुनु पर्नेहरुको हकमा), विधान, नीति तथा निर्णयको प्रतिलिपि प्रस्तावना साथ पेश गरेको हुनु पर्नेछ ।

(२) सम्बन्धित क्षेत्रमा कम्तीमा ३ वर्ष काम गरेको अनुभव हुनु पर्नेछ ।

(३) साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्न सक्ने पर्याप्त आधार पेश गरेको हुनु पर्नेछ ।

(४) साझेदारी कार्यक्रम सञ्चालनको लागि लक्ष्य, उद्देश्य हासिल गर्न सक्ने स्पष्ट क्रियाकलाप र जनशक्ति सहितको प्रस्तावना पेश गरेको हुनु पर्नेछ ।

(५) प्रस्तावना मूल्याङ्कनका अन्य आधारहरु **अनुसूची** ४ अनुसार हुनेछ ।

## परिच्छेद ४

## कार्यक्रम व्यवस्थापन

### ७. साझेदारी कार्यक्रम अनुगमन तथा समन्वय समिति

(१) साझेदारी कार्यक्रम सञ्चालन, व्यवस्थापन, अनुगमन तथा सहजीकरणका लागि नगरपालिकामा देहायबमोजिमको साझेदारी कार्यक्रम अनुगमन तथा समन्वय समिति रहनेछः-

(क) नगर प्रमुख - संयोजक

(ख) नगर उपप्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ङ) विषयगत समितिका संयोजक - सदस्य

(ग) संयोजकले मनोनित गरेका साझेदार संस्थाको एक जना महिला सहित २ जना प्रतिनिधि - सदस्य

(च) संयोजकले मनोनित गरेका सहकारी सञ्जाल/कृषक सञ्जालहरुको एक जना महिला सहित २ जना प्रतिनिधि - सदस्य

(छ) योजना शाखा प्रमुख - सदस्य सचिव

(२) सम्बन्धित विषयगत शाखाका प्रमुखलाई बैठकमा आवश्यकतानुसार आमन्त्रण गर्न सकिनेछ।

### ८. कार्यक्रम अनुगमन तथा समन्वय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन्ः

(क) कार्यक्रम सञ्चालनको विधि र रुपरेखा निर्धारण गर्ने ।

(ख) कार्यक्रमको अनुगमन, मूल्याङ्कन र नियमित समिक्षा गर्ने ।

(ग) कार्यक्रमको मूल्याङ्कनको आधारमा चौमासिक भुक्तानीको लागि सिफारिस गर्ने ।

(घ) कार्यक्रम सञ्चालनको लागि आवश्यक व्यवस्थापकीय काम एवं समन्वय र सहजीकरण गर्ने।

(ङ) कार्यक्रमको कार्यान्वयन साझेदार वा तेश्रो पक्ष कसले गर्ने हो सोको निर्धारण गर्ने ।

ठाकुरबाबा नगरपालिकाको साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७

(च) साझेदारी कार्यक्रम सञ्चालन सम्बन्धी अन्य आवश्यक निर्णयहरु गर्ने ।

(छ) कार्यक्रम सञ्चालन पूर्व, कार्यक्रम सञ्चालन भइरहेको समयमा र कार्यक्रम सम्पन्न भएपछि अनुगमन तथा मुल्याङ्कन गरी समिक्षा गर्ने ।

**९. साझेदारी कार्यक्रम प्रस्तावना छनौट समितिः** साझेदारी कार्यक्रमको लागि पेश गरिएका प्रस्तावनाहरुको मूल्याङ्कन गरी छनौटको लागि सिफारिस गर्न देहाय बमोजिमको साझेदारी कार्यक्रम प्रस्तावना छनौट समिति गठन गरिनेछः-

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) सम्बन्धित विषयगत समितिको संयोजक - सदस्य

(ग) सम्बन्धित विषयगत शाखाको प्रमुख - सदस्य

(घ) योजना शाखाको प्रमुख - सदस्य सचिव

**१०. प्रस्तावना छनौट समितिको काम कर्तव्य र अधिकारः** प्रस्तावना छनौट समितिले नगरपालिकाको निर्धारित मापदण्डको आधारमा प्रस्तावना छनौट गरी कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

## परिच्छेद ५

## सम्झौता, भुक्तानी, प्रतिवेदन, अनुगमन तथा मूल्याङ्कन

**११. सम्झौताः** साझेदारी कार्यक्रमको सम्झौता प्रस्तावना छनौट समितिको सिफारिसमा कार्यपालिकाको निर्णय बमोजिम १५ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले **अनुसूची ५** बमोजिमको ढाँचामा गर्नु पर्नेछ ।

**१२. भुक्तानीः** साझेदारी कार्यक्रमको रकम भुक्तानी देहायबमोजिम हुनेछः-

(१) सम्झौता भए पश्चात् जम्मा वार्षिक बजेटलाई एक बर्ष वा सो भन्दा लामो समयको कार्यक्रम भएमा चौमासिक रुपमा ३ किस्तामा विभाजन गरी कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिको सिफारिसमा कार्यक्रम कार्यान्वियन गर्ने जिम्मेवारी पाएको संस्था वा कार्यालयको खातामा पेश्की स्वरुप जम्मा गर्नु पर्नेछ । तर एक बर्ष भन्दा छोटो अवधिको हकमा कार्यक्रमको शुरुमा ५० प्रतिशत र सम्पन्न भएपछि ५० प्रतिशत रकम उपलब्ध गराइनेछ।

(२) दफा १२ को उपदफा १ बमोजिम प्राप्त पेश्की रकम तोकिएका क्रियाकलापहरु सम्पन्न भए पछि प्रगति प्रतिवेदन, बिल तथा भरपाईका आधारमा फछ्यौंट गरी आगामी चौमासिकको कार्ययोजनाका साथ कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारी पाएको संस्था वा कार्यालयले पेश्की माग गरेमा कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिको सिफारिसमा उपलब्ध गराउँदै जानु पर्नेछ ।

**१३. प्रतिवेदनः** साझेदारी कार्यक्रमको प्रतिवेदन देहाय बमोजिमको ढाँचामा हुनेछः

(क) कार्यक्रमको प्रगति प्रतिवेदन **अनुसूची ६** बमोजिमको ढाँचामा पेश गर्नुपर्नेछ ।

(ख) साझेदारी कार्यक्रमको प्रकृति र आवश्यकता अनुसार मासिक, चौमासिक र वार्षिक प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ ।

ठाकुरबाबा नगरपालिकाको साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७

**१४. अनुगमन तथा मूल्याङ्कनः** साझेदारी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन देहाय बमोजिम हुनेछः-

क) साझेदारी कार्यक्रम अनुगमन तथा समन्वय समितिले नियमित रुपमा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नु पर्नेछ ।

ख) कार्यक्रमको अन्तिम भुक्तानी हुनु अघि नगरपालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिले साझेदारी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नेछ । सो समितिको सिफारिसमा मात्र अन्तिम भुक्तानी दिनु पर्नेछ ।

## परिच्छेद ६

## विविध

**१५. लेखापरीक्षणः** साझेदारी कार्यक्रमको लेखापरीक्षण आर्थिक वर्ष समाप्त भए पश्चात् वा कार्यक्रम सम्पन्न भए पश्चात् प्रचलित कानून बमोजिम नगरपालिकाले गर्नु पर्नेछ ।

**१६. समन्वयः** साझेदारी कार्यक्रम व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि संघीय, प्रदेश तथा स्थानीय सरकारका निकायहरुबीच समन्वय गर्ने जिम्मेवारी साझेदारी कार्यक्रम अनुगमन तथा समन्वय समितिको हुनेछ ।

**१७. खर्चमा बन्देजः** साझेदार पक्षहरुले सम्झौतामा उल्लेखित शीर्षकहरुमा मात्र खर्च गर्नु पर्नेछ । एक शीर्षकबाट अर्कोमा रकमान्तरण गर्दा नगरपालिकाको पूर्व स्वीकृती लिई मात्र गर्नु पर्नेछ ।

**१८. कसुर र सजायः**

(१) साझेदारी कार्यक्रमको सम्झौता पश्चात् योजना सम्पन्न नगरी छाड्न पाइने छैन । यदि बीचैमा छाडेमा छाड्ने पक्षले उक्त समयसम्मको कार्यजिम्मेवारी र आर्थिक दायित्त्व वहन गर्नु पर्नेछ ।

(२) कार्यक्रमको सम्झौता बमोजिम काम नगरेमा, समयमा काम पुरा नगरेमा वा गुणस्तरहीन काम गरेमा बाँकी किस्ता रोक्का गरिनेछ । यस्तो निर्णय गर्नुपुर्व सम्बन्धित पक्षलाई सफाई पेश गर्न मौका प्रदान गर्नु पर्नेछ ।

**१९. पारदर्शिताः**

(१) साझेदारी कार्यक्रमको आम्दानी तथा खर्च नियमित रुपमा सार्वजनिक गर्नु पर्नेछ ।

(२) कार्यक्रम छनौट, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्दा जनसहभागितामूलक विधिको अवलम्वन गर्नु पर्नेछ ।

**२०. उत्तरदायित्वः** कार्यक्रम सञ्चालनको उत्तरदायित्व सबै साझेदारहरुले समान रुपमा वहन गर्नु पर्नेछ ।

**२१. संशोधन तथा हेरफेरः** यस कार्यविधीको कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउन नगर कार्यपालिकाले आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

ठाकुरबाबा नगरपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७

**२२. बाधा अडकाउ फुकाउन र व्याख्या गर्न सक्नेः** नगर कार्यपालिकाले यस कार्यविधिको व्याख्या गर्न तथा बाधा अड्काउ फुकाउन सक्नेछ ।

**२३. प्रचलित कानुन लागु हुनेः** साझेदारी कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधीमा व्यवस्था भएकोमा सोही बमोजिम र अन्य व्यवस्थाका हकमा प्रचलित कानुन बमोजिम हुनेछ । यस सन्दर्भमा द्विविधा उत्पन्न भएमा वा अस्पष्टता भएमा नगरपालिकाको व्याख्या अन्तिम हुनेछ ।

**२४. सामाजिक परिक्षण गर्नुपर्नेः** साझेदारीबाट सञ्चालित कार्यक्रमहरुको गुणस्तर, प्रभावकारीता, असर र प्रभावका सम्बन्धमा एवं आम्दानी र खर्च समेतको सामाजिक परिक्षण गर्न ९ देखि १५ सदस्य सम्मको सामाजिक परिक्षण समिति गठन गरी सामाजिक परिक्षण गराई संक्षिप्त प्रतिबेदन नगरपालिकामा पेश गर्नु पर्नेछ ।

**२५. लेखा परिक्षणः** साझेदारहरुले प्रचलित लेखा प्रणाली अनुसार आय व्ययको हिसाव किताब राखी वार्षिक रुपमा आफ् अन्यनो कारोबारको लेखापरिक्षण गर्दा साझेदारी कार्यक्रमको आय व्ययको समेत लेखा परिक्षण गर्नु पर्नेछ ।

**२६. उत्पादक समुह/कार्य समुह बनाई काम गर्नेः**

(१) उत्पादन तथा सामुहिक कार्य सम्पादन गर्ने प्रकृतिको साझेदारी कार्यका लागि निश्चित व्यक्ति संलग्न उत्पादक समूह वा कार्य समुह निश्चित संख्यामा आवश्यकतानुसार गठन/पुनर्गठन/परिमार्जन गरेर समूहगत उत्पादन वा कार्य गरी आफ्नो सिकाई हस्तान्तरण गर्न आफुले सोही प्रकृतिको अर्को समुह गठन गरी सिकाई सहित केही बिउपुँजी हस्तान्तरण गर्ने प्रकृया अवलम्बन गरिने छ ।

(२) यस्ता उत्पादक समुह/कार्य समुह गठन/पुनर्गठन/परिमार्जन गर्दा सबै सरोकारवाला पक्षहरुसँगको समन्वयमा मात्र गर्नु पर्नेछ।

**२७. सल्लाहकार समितिः** साझेदारी कार्यक्रम सञ्चालन गर्न ५ जना सम्मको सम्बन्धित क्षेत्रको अनुभवी वा विज्ञ व्यक्ति सदस्य रहेको सल्लाहकार समिति गठन गर्न सकिनेछ ।

ठाकुरबाबा नगरपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७

अनुसूची १
(दफा ५ को उपदफा ३ सँग सम्बन्धित)

ठाकुरबाबा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

सैनवार, बर्दिया

लुम्बिनी प्रदेश, नेपाल

## साझेदारीमा कार्यक्रम सञ्चालन गर्न इच्छुक गैर सरकारी संघसंस्था/ सहकारी/ कम्पनी/नीजि क्षेत्र/सेवा प्रदायक संस्थाहरुकाका लागि प्रस्तावना आह्वानको ढाँचा

सूचना प्रकाशित मितिः ........................

ठाकुरबाबा नगरपालिकाको चालु आ. व. ........... का लागि स्वीकृत ................ तर्फको साझेदारी कार्यक्रम सञ्चालन गर्नका लागि गैर सरकारी संघसंस्था/सहकारी/कम्पनी/नीजि क्षेत्र/सेवा प्रदायक संस्थाहरुद्वारा तोकिएको शर्तको अधीनमा रही सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र प्रस्तावना पेश गर्नुहुन यसै सूचनाद्वारा जानकारी गराईन्छ । यस कार्यक्रमको कार्यक्षेत्रगत शर्त (TOR) नगरपालिकाको वेवसाइट www.thakurbabamun.gov.np बाट डाउनलोड गर्न सकिन्छ ।

**कार्यक्रमको विवरण**

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्रम सञ्चालन हुने क्षेत्र | विनियोजित रकम (भ्याट सहित) | प्रस्तावनाको ढाँचा |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

................................
प्रमुख प्रशासकिय अधिकृत

ठाकुरबाबा नगरपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७

अनुसूची २

(दफा ५ को उपदफा ४ सँग सम्बन्धित)

ठाकुरबाबा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सैनवार, बर्दिया

लुम्बिनी प्रदेश, नेपाल

**साझेदारीमा कार्यक्रम सञ्चालन गर्न इच्छुक गैर सरकारी संघसंस्था/सहकारी/ कम्पनी/नीजि क्षेत्र/सेवा प्रदायक संस्थाहरुले दिने आवेदन पत्रको ढाँचा**

मितिः .......................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
ठाकुरबाबा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
सैनवार, बर्दिया ।

**विषयः प्राविधिक तथा आर्थिक प्रस्तावना पेश गरिएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा ................. नगरपालिकाको आ. व. ............ को स्वीकृत कार्यक्रम अनुसार ....................................... उद्देश्यका लागि "................... साझेदारी कार्यक्रम" कार्यान्वयन गर्न यस ....................................... संस्थाले प्राविधिक तथा आर्थिक प्रस्तावना पेश गरेको व्यहोरा अनुरोध छ ।

निवेदक

**संलग्न कागजातहरु**

क. प्राविधिक तथा आर्थिक प्रस्तावना

ख. सम्बन्धित संस्थाको कागजातहरु

१. जिल्ला प्रशासन कार्यालयमा संस्था दर्ता/नवीकरण गरेको प्रमाण पत्रको प्रतिलिपी १ प्रति

२. आ. व. ............ को लेखापरिक्षणको प्रतिवेदन सहित दुई वर्षको लेखापरिक्षण प्रतिवेदन १/१ प्रति

३. स्थायी लेखा नम्बर तथा आ. व........... को कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपि १/१ प्रति

४. संस्थाको विधान, आर्थिक तथा प्रशासनिक नियमावली, पाश्र्वचित्र र अनुभव पत्रहरुको प्रतिलिपि १/१ प्रति

५. लागत साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्न सक्ने पर्याप्त आधार देखिने कागजात ।

६. संयुक्त उपक्रममा कार्य गर्ने संस्थाहरुको हकमा दुबै संस्थाबीचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको प्रतिलिपि १ प्रति

७. प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी १ प्रति

८. संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्र १ प्रति

ठाकुरबाबा नगरपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७

अनुसूची ३

(दफा ५ को उपदफा ४ सँग सम्बन्धित)

ठाकुरबाबा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

सैनवार, बर्दिया

लुम्बिनी प्रदेश, नेपाल

**साझेदारीमा कार्यक्रम सञ्चालन गर्न इच्छुक गैर सरकारी संघसंस्था/सहकारी/ कम्पनी/नीजि क्षेत्र/सेवा प्रदायक संस्थाहरुका लागि प्रस्तावनाको ढाँचा**

**भाग १ः प्राविधिक प्रस्तावना**

१. परियोजनाको नाम
२. पृष्ठभूमि (प्रस्तावनाको सारसंक्षेप, वर्तमान अवस्था, आवश्यकता र औचित्य)
३. प्रस्तावित कार्यक्षेत्र र लाभान्वित परिवार
४. परियोजनाको लक्ष्य र उद्देश्य
५. अपेक्षित उपलब्धी र प्रभाव (अल्पकालीन र दीर्घकालीन)
६. परियोजनाको कार्यान्वयन विधि
७. परियोजनाका क्रियाकलापहरु
८. परियोजनाको व्यवस्थापन
   - व्यवस्थापन संरचना
   - संस्थागत सहकार्य (अनुसूचीमा संस्थागत विवरण र कानुनी दस्तावेजहरु पनि राख्ने)
   - प्रमुख निवेदक र सहायक निवेदकको नाम (यदि भएमा) र जिम्मेवारी बाँडफाँड (करार सम्झौता र अख्तियारी दुवै पक्षको हस्ताक्षर सहित अनुसूचीमा राख्ने)
   - परियोजनाको जनशक्ति र व्यवस्थापन संरचनाको चित्र
   - मानव संसाधनको परिचालन
   - परियोजनाको समयावधि

९. प्रतिवेदन
१०. अनुगमन तथा मूल्याङ्कन
११. परियोजनाको पारदर्शिता
१२. परियोजनाको दिगोपना
१३. परियोजना हस्तान्तरण
१४. बजेट (कुल परियोजना लागतमा संस्थाको लगानी प्रतिशत र लगानीका शीर्षकहरु मात्र उल्लेख गर्ने)

**भाग २. आर्थिक प्रस्तावना**

- परियोजना सञ्चालन खर्च (तलब, भत्ता तथा कर्मचारी सुविधा, कार्यालय सञ्चालन र व्यवस्थापन, सम्पत्ति खरिद, मसलन्द आदि)
- कार्यक्रम खर्च (परियोजना क्रियाकलाप कार्यान्वयन खर्च)
- अन्य

ठाकुरबाबा नगरपालिकाको सामुदायिक कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७

अनुसूची ४
(दफा ६ को उपदफा ५ सँग सम्बन्धित)

ठाकुरबाबा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सैनवार, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

## साझेदारीमा कार्यक्रम सञ्चालन गर्न इच्छुक गैर सरकारी संघसंस्था/सहकारी/ कम्पनी/नीजि क्षेत्र/सेवा प्रदायक संस्थाहरुको प्रस्तावना छनौटका आधारहरु

**१. संस्थागत क्षमता**
- संस्थाको सम्बन्धित विषयगत क्षेत्रमा अनुभव
- कम्तिमा ३ वर्षको परियोजना कार्यान्वयनको अनुभव
- नेपाल सरकारको विभिन्न निकायसँग सझेदारीमा कार्य गरेको अनुभव

**२. प्राविधिक प्रस्तावना**
- संयुक्त उपक्रममा प्रस्तावनाना पेश गर्ने प्रमुख र साझेदार संस्थाबीचको सहमती पत्र
- सम्बन्धित विषयगत क्षेत्रका लागि आवश्यक दक्ष जनशक्तिको विवरण
- प्रस्तावित परियोजना कार्यान्वयन विधी र व्यवस्थापन
- परियोजनाको निरन्तरता र दिगोपना

**३. वित्तिय प्रस्तावना**
- कम्तिमा १५ प्रतिशत नगद लगानीको प्रतिवद्धता
- संस्थाको विगत २ वर्षको आर्थिक कारोवार
- परियोजनाको लागत र प्रभावकारिता

ठाकुरबाबा नगरपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७

अनुसूची ५

(दफा ११ सँग सम्बन्धित)

ठाकुरबाबा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सैनवार, बर्दिया

लुम्बिनी प्रदेश, नेपाल

## साझेदारी कार्यक्रम सम्झौताको ढाँचा

**"………………… साझेदारी कार्यक्रम" सञ्चालनका लागि ठाकुरबाबा नगरपालिका र ………………… बीचको सम्झौता पत्र**

**१. परिचयः**

**२. कार्यक्रमको नामः**

**३. सम्झौता अवधिः**

**४. कार्यक्षेत्रः**

**५. प्रथम पक्षको जिम्मेवारीः**

**६. दोस्रो पक्षको जिम्मेवारीः**

**७. बजेट र वित्तीय कार्यविधिः**

**७.१ परियोजनाको कुल बजेटः**

७.१.१ परियोजनाको वजेटमा प्रथम र द्धितिय पक्षको लागत विवरण सम्वन्धमाः

७.१.२ बजेट रकमान्तर सम्बन्धमाः

७.१.३ परियोजनाको विस्तृत बजेट विवरणः

**७.२ बजेट निकासाः**

७.२.१ बैक खाता सम्बन्धमाः

७.२.२ पेश्की सम्बन्धमाः

७.२.३ वार्षिक वजेट विनियोजन र निकासा सम्वन्धमाः

७.२.४ अग्रीम कर सम्बन्धमाः

७.२.५ बिल भरपाई सम्बन्धमाः

७.२.६ बिल जारी सम्बन्धमाः

७.२.७ परियोजनाको आर्थिक प्रगति प्रतिवेदन सम्बन्धमाः

७.२.८ पेश्की तालिका विवरणः

७.२.९ स्थानीय साझेदार सम्बन्धमाः

७.२.१० विस्तृत कार्यक्रम र वजेट सम्बन्धमाः

**८. लेखा परीक्षण तथा प्रतिवेदन**

**९. अनुगमन तथा मूल्याङ्कनः**

**१०. सम्झौताको खारेजी सम्बन्धी व्यवस्था**

**११. परियोजना हस्तान्तरणः**

**१२. विविधः**

माथि उल्लेखित शर्तका अधीनमा रही मिति ……………………… मा दुवै पक्षद्वारा हस्ताक्षर गरियो ।

**प्रथम पक्षको तर्फबाट** **दोस्रो पक्षको तर्फबाट**

………………………… ……………………………

साक्षीहरुः

………………………… ……………………………

ठाकुरबाबा नगरपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७

अनुसूची ६
(दफा १३ को उपदफा (क) सँग सम्बन्धित)

ठाकुरबाबा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सैनवार, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

**<u>साझेदारी कार्यक्रमको प्रगति प्रतिवेदनको ढाँचा</u>**

- कार्यक्रमको पृष्ठभूमीः
- कार्यक्रमको लक्ष्य र उद्देश्यः
- कार्यक्षेत्रः
- कार्यक्रमबाट लाभान्वित हुने जनसङ्ख्याः
- कार्यान्वयन प्रक्रियाः
- सम्पन्न क्रियाकलापहरुः
- उपलब्धि (भौतिक तथा वित्तीय)
- सुधारात्मक पक्ष र सिकाईः
- समस्या तथा सबालहरुः
- आगामी गतिविधि (संक्षिप्त कार्ययोजना सहित)
- निष्कर्षः

**<u>आज्ञाले</u>**
रामहरि रिजाल
प्रमुख प्रशासकीय अधिकृत

ठाकुरबाबा नगरपालिकाको सोझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७